बैठक नं. १४

आज मिति २०८१ साल फाल्गुन २८ गते बुधबारका दिन दिउँसो ४:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

१९. श्री दिनेश शाही - लेखा अधिकृत
२० श्री प्रमोद कार्की - सूचना प्रविधि अधिकृत
२१. श्री मोतीलाल चौधरी - प्रशासन शाखा
२२. श्री अभिषेक कार्की - का. स.
२३ श्री लोकनाथ उपाध्याय - सब इन्जिनियर
२४ श्री राम चौधरी - का. स.

**प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।**

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**प्रस्ताव नं. २ :- नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्/संकलन कार्य अमानतबाट गर्ने सम्बन्धमा ।**

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा नदीजन्य पर्दाथ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्/संकलन (दोस्रो प्याकेज: मुनुवा ठाँडा सामुदायिक वनको पूर्वतिर, बलचौर घाट र गोराङ्गे घाट वडा नं. ९) कार्यको लागि दुई पटक ठेक्का आह्वान गर्दा समेत ठेक्का नलागेकोले उक्त प्वाईन्टहरुबाट नदीजन्य पर्दाथ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्/संकलन कार्य अमानतबाट गर्ने सम्बन्धमा थप अध्ययन गरी आगामी कार्यपालिका बैठकबाट निर्णय लिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :- जानकी-९ मा बहुउद्देश्यीय सुरक्षित आवास भवन निर्माण गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा जानकी-९ अन्तर्गतका धनुवाफाँटा, कुन्ती, पुर्वखैरीफाँटा बस्तीका बाढी प्रभावितहरुका लागि जानकी-९ अन्तर्गत रहेको गाउँघर खोपकेन्द्र भएको स्थलको करिब ३ कठ्ठा क्षेत्रफल रहेको जग्गामा बहुउद्देशीय सुरक्षित आवास भवन निर्माण कार्यका लागि सि.एस.एस.डि. नेपाललाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :- जानकी गाउँपालिका अन्तर्गतका आयोजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

निर्णय नं. ४:- प्रस्ताव नं. ४ माथी छलफल गर्दा जानकी गाउँपालिका अन्तर्गतका आ.व. २०८१।०८२ मा हालसम्मको सम्पन्न तथा सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमहरुको स्थानीय अनुगमन समितिबाट नियमित अनुगमन गरी तयार गरिएको अनुगमन प्रतिवेदन माथि छलफल गरी पारित गर्ने निर्णय गरियो ।

८१.११.२८

आशिज चौधरी

प्रमुख प्रशासकीय अधिकृत

२०८१।११।२८

गणेश चौधरी

अध्यक्ष